Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD: 2057 25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ अंक: ४८ वि.सं. २०८३ जेठ १७ आइतवार नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल पूर्णिमा Sunday 31 May 2026 yugaawhan@gmail.com पृष्ठ: ४ मूल्य: ५ ।-


# प्रदेश रंगशाला किन बन्यो 'अनिर्णयको बन्दी' ?

**◣ओम शाही**

**सुर्खेत, १६ जेठ ।**

२८ असोजदेखि ३ कात्तिक २०७९ मा गण्डकीको राजधानी पोखरामा नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन भयो । उक्त प्रतियोगिताको समापन समारोहबाट २ देखि ८ मंसिर २०८१ मा कर्णाली प्रदेशमा १० औं राष्ट्रिय खेलकुदको मिति प्रस्ताव गरियो । समापन समारोहका प्रमुख अतिथि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले १० औँ राष्ट्रिय खेलकुद आयोजना गर्ने जिम्मेवारी कर्णाली प्रदेशलाई सुम्पिए ।

३ कात्तिक २०७९ मा प्रधानमन्त्री देउवाले कर्णालीका सामाजिक विकासमन्त्री यज्ञबहादुर बीसीलाई राष्ट्रिय खेलकुदको झण्डा हस्तान्तरण गदै प्रतियोगिता सञ्चालन गर्ने जिम्मेवारी सुम्पिएका थिए । कर्णाली प्रदेशले १० औं खेलकुदको झण्डा प्राप्त गरेको एक वर्ष अगावै सुर्खेतमा झण्डै १० हजार दर्शक अट्ने क्षमता भएको रंगशाला निर्माणको थालिसकेको थियो ।

रंगशाला निर्माण गर्नुको मुख्य उद्देश्य नै १० औं राष्ट्रिय खेलकुदका अधिकांश खेल खेलाउनु थियो । २० मंसिर २०७८ मा तत्कालीन मुख्यमन्त्री जीवनबहादुर शाहीले सुर्खेतको वीरेन्द्रनगरमा रंगशालाको शिलान्यास गरे । प्रदेश सरकारले आफ्नै लगानीमा अघि सारेको यो ठुलो योजना पनि हो । एक अर्ब ५९ करोड ४७ लाख ४७ हजार लागत रहेको रंगशाला निर्माणको जिम्मा एमएसी/जीएसएल जेभीले पाएको थियो ।

सम्झौता अनुसार २०८१ जेठमा रंगशाला तयार हुनुपर्ने थियो । तर, २०८० कार्तिकमा जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्प लगायतका कारणले तोकिएको मितिमा रंगशाला निर्माण सम्पन्न नभएपछि २०८१ मंसिरसम्म निर्माण व्यवसायीलाई समय थप गरियो । पहिलो पटक थप भएको समयमा पनि निर्माण सम्पन्न हुन नसकेको अयोजना अहिले आएर एक प्रतिशतमा रोकिएको छ । २०८१ मंसिर यता रंगशाला निर्माणाधिन अवस्थामा अलपत्र बनेर बसेको छ । पहिलो पटक थप भएको समयमा रंगशालाको काम ९९ प्रतिशत सम्पन्न भएको थियो ।



तत्कालिन समयमा बजेट अभाव भएपछि एक प्रतिशतमा रोकिएको काम २०८१ पुसमा सदस्य सचिव विश्वामित्र सन्ज्यालको पदावधि सकिए यता रंगशाला बन्धक जस्तै बन्न पुगेको छ । ६ पुस २०७७ मा नियुक्त भएका परिषद्का उपाध्यक्ष प्रमोद हमाल र सदस्य-सचिव विश्वमित्र सञ्ज्यालको चार वर्षे पदावधि ६ पुस २०८१ मा समाप्त भएको थियो ।

परिषद्को आर्थिक अधिकार प्राप्त सदस्य सचिव नियूक्तिमा कांग्रेस-एमालेबीच चलेको भागबण्डाको गोलचक्करले एक प्रतिशत काम बाँकी रहेको आयोजना एक वर्ष यता अलपत्र छ । सदस्य सचिव नियूक्त गर्न एक वर्ष लगाएको प्रदेश सरकारले अझै पनि रंगशालालाई पूर्णता दिने विषयमा निर्णय लिन सकेको छैन ।

सरकारले १५ महिनापछि अर्थात् गत चैत्रमा रविन चन्दलाई सदस्य सचिव नियुक्त गरेको थियो । तर, निर्माण व्यवसायीलाई भुक्तानी दिएर रंगशालालाई पूर्णता दिने विषयमा परिषद्का सदस्य सचिव चन्दले निर्णायक भुमिका निभाउन सकेका छैनन् । सदस्य

**बाँकी ४ पेजमा**

## न थपिन्छ म्याद, न सकिन्छ काम

एक वर्ष अगावै हस्तान्तरण भइसक्नु पर्ने रंगशाला अहिले न म्याद थपिने न त काम सकिने अवस्थाबाट गुज्रिएको छ । यतिमात्रै होइन निर्माण व्यवसायीले नौ करोड भुक्तानी नपाएको भन्दै रंगशालालाई पूर्णता दिएको छैन । निर्माण व्यवसायीका प्रतिनिधि पुरुषोत्तम बरालले म्याद थप गर्ने वा यतिकै अवस्थामा आयोजना हस्तान्तरण गर्ने विषयमा सरकारले निर्णय लिन नसकेको दावी गर्छन ।

उनी भन्छन्, 'म्याद थप्ने वा नथप्ने विषय टुङ्गोमा पुगेको छैन, म्याद थप गरेर भुक्तानी दिने वा अहिलेकै अवस्थामा रंगशाला ह्यान्डओभर लिने भन्ने विषयमा सरकारका तर्फबाट डिसिजन भएको छैन ।'

आर्थिक वर्ष सकिनै लाग्दा सरकारले म्याद पनि नथप्ने र भुक्तानीको प्रक्रिया पनि नथालेका प्रति उनको असन्तुष्टि छ । उनका अनुसार गएको बैशाखमा

**बाँकी ४ पेजमा**

# सिक्टा आयोजनालाई दुई अर्ब ५५ करोड बजेट



**◣युग संवाददाता**

**बाँके, १६ जेठ ।**

बाँकेमा निर्माणाधिन राष्ट्रिय गौरवको आयोजना सिक्टा सिँचाइलाई आगामी आर्थिक वर्ष २०८३/८४ मा बजेट सिलिङ बढेको छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुक्रबार प्रस्तुत गरेको आगामी आवको बजेटमा सिक्टा आयोजनालाई रु दुई अर्ब ५५ करोड विनियोजन गरिएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ मा सो आयोजनालाई रु एक अर्ब ५७ करोड विनियोजन गरिएको आयोजनाका सूचना अधिकारी सिनियर डिभिजनल इञ्जिनियर मनोजकुमार साहले जानकारी दिए । उनका अनुसार गत आवको बजेटमा भन्दा यस वर्ष करिब रु एक अर्ब बढाएर बजेट विनियोजन भएको छ ।

सिक्टा आयोजनाअन्तर्गत अहिले डुडुवा शाखा नहर निर्माण धमाधम भइरहेको छ भने सिधनीया, प्रसेनीपुर र अकलघरवा शाखा नहरमा ठेक्का सम्झौता गरी निर्माण कार्यलाई तीव्रता दिइएको छ । गुरुवागाउँ र अकलघरहवाका उपशाखा तथा पूर्वी मूल नहरका बाँकी कामका लागि पूर्व तयारीका कामहरू भइरहेका सूचना अधिकारी साहले बताए ।

बाँकेको राप्ती सोनारी गाउँपालिका-२ अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी बाँकेको खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्याउन आयोजना निर्माण गरिएको हो । आव २०६२/६३ मा सुरु भएको आयोजना पछिल्लो संशोधित गुरुयोजना अनुसार आर्थिक वर्ष २०८९/९० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

आयोजनाको निर्माणाधिन पश्चिमी मूल नहरले बाँके जिल्लाको राप्ती नदी पश्चिम भेगको ३३ हजार ७६६ हेक्टर र पूर्वी मूल नहरले राप्ती नदी पूर्वी भेगको करिब नौ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्याउने लक्ष्य रहेको सूचना अधिकारी साहले जानकारी दिए । संशोधित गुरुयोजना अनुसार आयोजनाको लागत रु ५२ अर्ब ८९ करोड रहेको छ ।

# 'महिलाको सशक्तीकरण गर्न राज्य गम्भीर बन्नुपर्छ'

**◣युग संवाददाता**

**सुर्खेत, १६ जेठ ।**

कर्णाली प्रदेशका प्रदेश प्रमुख यज्ञराज जोशीले कर्णालीका महिलाहरू हरेक क्षेत्रमा सक्षम र प्रतिभावान बन्दै गएको बताएका छन् । शनिबार वीरेन्द्रनगरमा आयोजित 'कर्णाली छोरी सम्मेलन' लाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

सम्बोधनका क्रममा प्रदेश प्रमुख जोशीले कर्णालीका ३३ प्रतिशत महिला अझै पनि निरक्षर रहेकोप्रति चिन्ता व्यक्त गरे । उनले ती ३३ प्रतिशत महिलालाई साक्षर बनाउन तीनवटै तहका सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिए ।

जोशीले महिलाहरूको राजनीतिक र प्रशासनिक पहुँचका विषयमा चर्चा गर्दै उनले अब महिलाहरू समानुपातिक कोटामा मात्र सीमित नभई प्रत्यक्ष निर्वाचन लडेर नेतृत्व गर्न सक्ने भइसकेको बताए । जोशीले संविधान संशोधनको बहस चलिरहेका बेला महिलाहरूलाई ३३ प्रतिशतमा मात्र चित्त नबुझाई ५० प्रतिशत हिस्साका लागि माग गर्न र दबाब दिनसमेत आग्रह गरे ।

कार्यक्रममा कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीले समाजमा महिलाहरूको उपस्थिति र भूमिकामा ठूलो परिवर्तन आएको बताए । उनले प्रहरी, कर्मचारी प्रशासनदेखि राज्यका उच्च निकायमा महिलाहरूको नेतृत्व स्थापित हुनुले ठूलो अर्थ राख्ने उल्लेख गरे । कुनै समय छोरीलाई कमजोर र गरिब मानसिकताले हेरिने गरेकामा अहिले त्यसमा बदलाप आइसकेको उनले बताए ।

यस्तै, सम्मेलनको उद्घाटन सत्रमा बोल्दै वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकालले राज्यका हरेक संरचना र निर्णय प्रक्रियामा महिलाको सक्षम तथा निर्णायक उपस्थिति सुनिश्चित गर्नुपर्ने बताएकी छन् ।

श्री ज्योति फाउन्डेशनको आयोजनामा शनिबारदेखि वीरेन्द्रनगरमा सुरु भएको दोस्रो कर्णाली छोरी सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै नगरप्रमुख ढकालले महिला अधिकारका लागि भएका ऐतिहासिक संघर्ष र प्राप्त उपलब्धिको संरक्षण गर्दै थप सशक्तीकरणतर्फ अघि बढ्नुपर्नेमा जोड दिइन् ।

उनले नेपालमा महिला अधिकार स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलन र संघर्षको स्मरण गर्दै योगमाया न्यौपानेजस्ता अग्रणी महिलाले सती प्रथा, बालविवाह तथा अन्य सामाजिक कुरीतिविरुद्ध उठाएको साहसी आवाजले आजको परिवर्तनको आधार निर्माण गरेको बताइन् ।

नगर प्रमुख ढकालले २०६३ सालमा संसदबाट पारित ऐतिहासिक चारबुँदे घोषणाले महिलाको समान अधिकार र राज्यका निकायमा कम्तीमा ३३ प्रतिशत सहभागिताको सुनिश्चितता गरेको उल्लेख गर्दै त्यसले नेपाली महिलाको राजनीतिक तथा सामाजिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुर्याएको धारणा राखिन् ।

उनले महिला अधिकारका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भए पनि अझै पनि लैङ्गिक विभेद, हिंसा, असमान अवसर तथा सामाजिक कुरीतिका चुनौती कायम रहेको बताइन् । यस्ता चुनौतीको अन्त्यका लागि राज्य, समाज र परिवार सबै तहबाट सामूहिक प्रयास आवश्यक रहेको उनको भनाई थियो ।

महिलाहरू अब पीडा र उत्पीडनका कथामा मात्र सीमित नरही आफ्ना संघर्ष, सफलता र उपलब्धिका प्रेरणादायी कथामार्फत समाज परिवर्तनको नेतृत्व गर्न सक्षम भएको उनले बताइन् । महिलाको आत्मविश्वास, क्षमता र नेतृत्व विकासले मात्रै समतामूलक समाज निर्माण सम्भव हुने उनको धारणा थियो ।


**आत्महत्या समस्याको समाधान होइन ।**

**आत्महत्यका प्रमुख कारण**
- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुव्यवहार आदि ।

**रोकथामका उपायः**
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाब वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौ र सहयोग गरौं ।

**एक अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं ।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।





## सम्पादकीय....

# योजना कार्यान्वयन नहुने विगत नदोहोरियोस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले आफ्नो पहिलो बजेट सार्वजनिक गरेको छ। २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ बराबरको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटले मुलुकको समग्र विकाससँगै प्रदेशगत प्राथमिकतालाई पनि समेट्ने प्रयास गरेको देखिन्छ। अर्थमन्त्री स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेटमा कर्णाली प्रदेशका लागि केही नयाँ अवधारणासहित पुराना र अधुरा योजनालाई निरन्तरता दिइएको छ। तर, कर्णालीका नागरिकका लागि अहिलेको मुख्य चासो बजेटमा योजना समेटिनु मात्र होइन, ती योजनाको वास्तविक कार्यान्वयन हो। विगतका वर्षहरूमा पनि संघीय सरकारका बजेटमा कर्णालीका ठूला पूर्वाधार आयोजना, सडक, विमानस्थल, ऊर्जा तथा पर्यटनसँग सम्बन्धित योजनाहरू बारम्बार समावेश हुँदै आएका छन्। तर, बजेट विनियोजनको कमी, कार्यान्वयनको सुस्त गति र प्रशासनिक जटिलताका कारण अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। यसपटक पनि सरकारले कर्णालीको रणनीतिक महत्वका सडक आयोजनालाई प्राथमिकतामा राखेको भए पनि धेरै योजनाका लागि छुट्याइएको बजेट रकम स्पष्ट रूपमा सार्वजनिक गरेको छैन। यसले योजनाको प्रभावकारिता र कार्यान्वयन क्षमतामाथि स्वाभाविक प्रश्न उठाउँछ।

सरकारले कर्णालीका सडक पूर्वाधारलाई जडीबुटी, जलविद्युत, पर्यटन र खानीजन्य गतिविधिसँग जोड्ने अवधारणा अघि सारेको छ। मध्यपहाडी लोकमार्ग, कर्णाली राजमार्ग, भेरी कोरिडोर तथा रारा-जुम्ला-फोक्सुण्डो क्षेत्रलाई समेट्ने कर्णाली चतुर्भुज विकास कार्यक्रम सकारात्मक सोच हो। यदि यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकियो भने कर्णालीको आर्थिक सम्भावनालाई नयाँ दिशा दिन सक्छ। तर, विगतमा पनि महत्वाकांक्षी घोषणा गरिएर कार्यान्वयनमा कमजोर प्रदर्शन भएका उदाहरण धेरै छन्। त्यसैले घोषणाभन्दा परिणाम महत्वपूर्ण हुनेछ। कर्णाली राजमार्ग स्तरोन्नतिका लागि एक अर्ब रुपैयाँ विनियोजन, कर्णाली र भेरी कोरिडोरको स्तरोन्नति, सुरुङमार्ग सम्भाव्यता अध्ययन, दैलेखको पेट्रोलियम उत्खननलाई व्यावसायिक चरणमा लैजाने योजना तथा नलगाड र वेतन कर्णाली जलविद्युत आयोजनालाई अगाडि बढाउने प्रतिबद्धता स्वागतयोग्य छन्। यी आयोजना सम्पन्न हुन सके कर्णालीको आर्थिक तथा सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुग्नेछ। तर यस्ता योजना वर्षौंदेखि बजेट भाषणमा दोहोरिँदै आएका कारण नागरिकमा आशाभन्दा बढी प्रतीक्षाको थकान देखिन थालेको छ। सुर्खेत विमानस्थल विस्तारको विषय पनि त्यस्तै उदाहरण हो। प्रदेश स्थापना भएयता निरन्तर बजेटमा समेटिए पनि विस्तार कार्यले गति लिन सकेको छैन। यसपटक पुनः प्रदेश सरकारसँगको सहकार्यमा विस्तार गर्ने घोषणा गरिएको छ।

अब सरकारले घोषणा दोहोर्याउने होइन, ठोस प्रगति देखाउने समय आएको छ। ताल्चा विमानस्थल स्तरोन्नति, भेरी-बबई डाइभर्सन, इन्डोर रंगशाला निर्माण तथा १० औं राष्ट्रिय खेलकुद आयोजनाका विषयमा पनि स्पष्ट कार्ययोजना र समयसीमा आवश्यक छ। स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रमा समेटिएका कार्यक्रम भने अपेक्षाकृत सकारात्मक छन्। दुर्गम जिल्लामा एयर एम्बुलेन्स सेवा, टेलिमेडिसिन विस्तार, स्याउ तथा ओखर जोन, जडीबुटी प्रशोधन केन्द्र, हिल्सा पशु क्वारेन्टाइन तथा रारा-काँक्रेविहार-पञ्चकोशीलाई जोड्ने पर्यटन विकास कार्यक्रमले कर्णालीका सम्भावनालाई उपयोग गर्ने संकेत गरेका छन्। तर, यस्ता कार्यक्रम पनि प्रभावकारी कार्यान्वयन र पर्याप्त स्रोत सुनिश्चिततामा निर्भर रहनेछन्। कर्णालीका लागि यस पटकको बजेट मिश्रित प्रकृतिको देखिन्छ। केही नयाँ सोच र सम्भावना समेटिए पनि अधिकांश योजना पुरानै छन्। त्यसैले यो बजेटको मूल्यांकन घोषणाका आधारमा होइन, कार्यान्वयनका आधारमा हुनुपर्छ। कर्णालीले अब बजेट भाषणमा बारम्बार सुनिने सपना होइन, धरातलमा देखिने विकास खोजिरहेको छ। रास्वपा नेतृत्वको नयाँ सरकारले विगतको परम्परा तोडेर परिणाममुखी शासनको उदाहरण प्रस्तुत गर्न सक्छ कि सक्दैन, त्यसको परीक्षा यही बजेटको सफल कार्यान्वयनबाट हुनेछ।

# नेपालको तीन दशकको यात्रा– केही भएन कि धेरै परिवर्तन भयो ?



✍ मीनबहादुर शाही

राजनीतिक तथा सामाजिक क्षेत्रमा दीर्घकालीन रूपमा सकारात्मक र नकारात्मक दुवै प्रभाव पर्न सक्ने संवेदनशील मोडमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले करिब दुईतिहाइ जनमतसहित सरकार सञ्चालन गर्ने ऐतिहासिक अवसर प्राप्त गरेको छ।

विशेषतः जेन-जी पुस्ताको विद्रोही चेतना, आकांक्षा र असन्तुष्टिको प्रतिनिधित्व गर्दै रास्वपाले शासन सञ्चालनको नेतृत्व सम्हालिसकेको छ।

२०८२ फागुन २१ गते सम्पन्न निर्वाचनमार्फत विगत तीन दशकदेखि राज्यसत्तामा प्रभाव कायम राख्दै आएका परम्परागत राजनीतिक शक्तिहरूप्रति नेपाली मतदाताको गहिरो असन्तोष रहेको प्रमाण प्रकट गरेका छन्।

निर्वाचनको प्रक्रियाबाट मतदाताले ती दलहरूलाई यस पटक अस्वीकार गरिदिएका छन्। जसले कुनै समय निरंकुश पञ्चायती व्यवस्था विरूद्ध संघर्ष गरेका थिए, कठोर यातना सहेका थिए, सर्वस्व गुमाएका थिए र लोकतन्त्र स्थापनाका लागि आफ्नो जीवन नै कठिन परिस्थितिमा व्यतीत गरेका थिए।

इतिहासमा लोकतन्त्रका संवाहक मानिएका तिनै राजनीतिक शक्तिहरू आज जनमतको कठोर परीक्षणमा यस पटकलाई असफल भएका छन्। नेपाली जनताले आफ्नो मतमार्फत उनीहरूलाई शासन सञ्चालनका लागि पुनः अनुमोदन गर्न अस्वीकार गरेका छन्।

यो परिणाम केवल सत्ता परिवर्तनको संकेत मात्र होइन, जनविश्वास, राजनीतिक संस्कार, सम्मानित जीवन बाँच्ने तीव्र आंकाक्षा र नेतृत्वप्रतिको अपेक्षामा आएको गम्भीर परिवर्तनको अभिव्यक्ति पनि हो।

यसरी अभूतपूर्व जनमत प्राप्त गरेको सरकारले आफ्नो दायित्व र जबाफदेहितालाई कति प्रभावकारी रूपमा पूरा गर्छ भन्ने कुराले केवल त्यसको भविष्य मात्रै होइन, नेपालको राजनीतिक प्रणाली र नेपाली जनताको विश्वासमाथि समेत गम्भीर प्रभाव पार्नेछ।

लगभग दुई तिहाइ नजिकको शक्तिशाली सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट बानउने कामलाई तीव्र बनाइरहेको छ। केही समयअघि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले १८ उपशीर्षकमा विभाजन गरिएको आर्थिक स्थिति पत्र सार्वजनिक गदै, त्यसैलाई आधार बनाएर आगामी आर्थिक वर्षको बजेट तयारी गरिरहेका छन्।

तर उनले सार्वजनिक गरेको उक्त आर्थिक स्थिति पत्रले विगतमा 'केही पनि हुन सकेन' भन्ने उनकै राजनीतिक भाष्यलाई कतै न कतै स्वयं खण्डन गरेको देखिन्छ।

यस्तो विरोधाभासप्रति उनी कसरी सचेत हुन सकेनन्? तसर्थ स्वाभाविक रूपमा प्रश्न उठाउने विषय बनेको छ।

**विगतको समीक्षा- के केही भएन?**

२०४५ सालमा अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक नहुँदा एसएलसी परीक्षा दिने कि नदिने भन्ने अन्योलमा म लगायत मेरा धेरै साथीहरू थियौं। अनेक कठिनाइका बीच हामीले परीक्षा दियौं र खुसीको कुरा, उत्तीर्ण पनि भयौं।

त्यति बेला कालिकोटको सदरमुकाम खाँडाचक्रस्थित भेटेरिनरी कार्यालयमा डा. कृष्णप्रसाद शाक्य कार्यरत हुनुहुन्थ्यो। उहाँ जाजरकोटबाट सरूवा भएर आउनुभएको थियो।

विद्यार्थीहरूको समस्या बुझ्नासाथ उहाँले अंग्रेजी, गणित र विज्ञान विषय तीन महिनासम्म निःशुल्क पढाइदिने घोषणा गर्नुभयो। उहाँको त्यो सहयोगी भावना र समर्पणले हाम्रो मन छोयो। आज पनि उहाँप्रति हामी गहिरो रूपमा आभारी छौं। त्यसपछि भने उहाँसँग फेरि भेट हुन सकेन।

एसएलसीको नतिजा आएपछि उच्च शिक्षा अध्ययन गर्ने रहर जाग्नु स्वाभाविक नै थियो। तर काठमाडौंसम्मको यात्रा भने सोचेजस्तो सहज थिएन। मेरो जन्मस्थान हालको रास्कोट नगरपालिकाबाट सुर्खेत पुग्न ६ दिन पैदल हिँड्नुपर्थ्यो, त्यसपछि सुर्खेतबाट करिब ३६ घन्टाको बस यात्रा गरेर काठमाडौं पुगिन्थ्यो।

यो क्रम २०७०/०७२ सम्म कायम थियो र अहिले पनि भर्पर्दो र सुरक्षित यात्रा मृग तृष्णा मै सीमित छ। त्यो युगबाट आज हामी प्रगतिको वेग तीव्र गतिमा बढिरहेको हेरिरहेका छौं र भोगिरहेका छौं।

के २०४६ सालको परिवर्तनपछि केही पनि उपलब्धि भएको होइन त? आज जे भाष्य निर्माण भइरहेको छ, त्यसमा पूर्णतः सहमत हुन सकिन्छ कि सकिँदैन?

यस विषयमा केही चर्चा गरौं।

पूर्वाधार- असुविधाबाट सुविधातिर

६ दिनको पैदल यात्रा र ३६ घन्टासम्मको कष्टकर बस यात्राको यथार्थ कथा सुन्न आजको पुस्ता कति तयार छ?

'सायद छैन' भन्दा अन्यथा नहोला। किनकि आजको पुस्ताले अनुभव गरिरहेको सुविधा र पहुँचको नेपाल, केही दशकअघिको अभाव, पीडा र कठिनाइले भरिएको नेपालभन्दा बिलकुल फरक छ।

कर्णालीका हुम्ला, डोल्पा लगायत पूर्व-पश्चिम नेपालका धेरै पहाडी तथा हिमाली जिल्लाहरू लामो समयसम्म सडक सञ्जालको पहुँचभन्दा टाढा थिए, र कतिपय ठाउँ आज पनि सहज यातायातको प्रतीक्षामा छन्। लुगा-फाटो, नुन-तेल र औषधि जोहो गर्नकै लागि दुई-तीन हप्तासम्म कठिन, असुरक्षित र अत्यन्त कष्टकर पैदल यात्रा गर्नुपर्ने बाध्यता थियो।

त्यो केवल कथाजस्तो सुनिने विगत होइन, हामीले आफ्नै जीवनमा भोगेको यथार्थ हो; र हामीभन्दा अघिल्लो पुस्ताले झन् बढी पीडा सहेर बिताएको इतिहास हो।

त्यही कहालीलाग्दो जीवनपद्धति र अभावबीचबाट आज नेपाल सुविधातर्फको यात्रामा अघि बढेको छ। विगतका ती कठिन दिन सम्झँदा अहिलेको समय धेरैका लागि सुखद र भावुक अनुभूति बनेर उभिन्छ।

आज म काठमाडौंबाट बिहानै हवाइजहाज चढेर यात्रा तय गर्छु भने बेलुकी रास्कोटमा आमाले पकाएको खाना खान पुग्न सक्छु।

विगत सम्झिँदा कहिलेकाहीँ आफैलाई अचम्म लाग्छ – हाम्रै पालामा यस्तो परिवर्तन सम्भव भयो!

त्यसैले 'केही पनि भएन' भन्ने निष्कर्षमा पुग्न मन मान्दैन। यद्यपि सुधार गर्नुपर्ने थुप्रै क्षेत्र अझै बाँकी छन्।

महिनौं लाग्ने पैदल यात्रा छोड्याएर आज धेरै नेपालीका लागि सडक यातायात आधा घन्टा वा केही घन्टाको पहुँचभित्र पुगेको छ। हाल देशको ८० प्रतिशतभन्दा बढी जनसंख्या सडक सञ्जालको पहुँचमा रहेको तथ्यांकले देखाउँछ।

यही संघर्षबीच नेपालले पछिल्ला तीन दशकमा पूर्वाधार विकासका क्षेत्रमा उल्लेखनीय फड्को मारेको छ। सरकारी तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/८२ सम्म आइपुग्दा नेपालमा सडक सञ्जालको कुल लम्बाइ ३६ हजार १३२ किलोमिटर पुगेको छ। यसमध्ये करिब १९ हजार १६३ किलोमिटर सडक कालोपत्रे भएका छन् भने ८ हजार २०४ किलोमिटर ग्राभेल र ८ हजार ७६५ किलोमिटर कच्ची तथा ट्र्याक खुलेका सडक छन्।

केही अपवाद बाहेक अधिकांश पालिका सदरमुकाम सडक सञ्जालसँग जोडिएका छन्। आर्थिक वर्ष २०८१/८२ मा मात्रै करिब ९५० किलोमिटर सडक कालोपत्रे गरिएको तथ्य दक्षिण एसियाकै उल्लेखनीय उपलब्धिमध्ये एक मानिन्छ। साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थल, पर्यटन पदमार्ग र अन्य भौतिक पूर्वाधार विकासमा पनि महत्वपूर्ण प्रगति हासिल भएको छ।

नेपालमा विकास र नयाँ सम्भावनाको कुरा उठ्नेबित्तिकै तीव्र आलोचना हुने प्रवृत्ति नयाँ होइन। सुरूङमार्ग, रेलमार्ग, जलमार्ग वा अन्तर्राष्ट्रिय हवाई मार्गको अवधारणा अघि सारिँदा एक समय त्यसलाई असम्भव सपना भनेर उपहास गरिन्थ्यो।

तर आज नागढुंगा-नौबिसे-सिस्नेखोला सुरूङमार्ग नेपालको पूर्वाधार विकास यात्राको पहिलो ऐतिहासिक माइलस्टोनका रूपमा उभिएको छ। करिब २.६८८ किलोमिटर लम्बाइ रहेको यस सुरूङमार्गसँगै आपत्कालीन प्रयोगका लागि समानान्तर इभ्याकुएसन सुरूङ पनि निर्माण गरिएको छ।

त्यसैगरी सिद्धार्थ राजमार्ग अन्तर्गत पर्ने सिद्धबाबा क्षेत्र नेपालकै सबभन्दा जोखिमपूर्ण सडक खण्डमध्ये एक हो। बर्सेनि पहिरो, ढुंगा खस्ने घटना र सडक दुर्घटनाबाट मानवीय क्षति बेहोर्नुपरेको पीडादायी अवस्थालाई मध्यनजर गर्दै सरकारले २०७० सालतिर सुरुङमार्ग निर्माणको औपचारिक अवधारणा अघि बढाएको थियो।

पछि २०७८/७९ देखि निर्माण प्रक्रिया तीव्र बनाइयो। १,१२६ मिटर लम्बाइ रहेको यस सुरुङमार्गको 'ब्रेकथ्रू' सन् २०२५ जनवरीमै सम्पन्न भइसकेको छ भने आपत्कालीन प्रयोगका लागि तीन वटा बाइपास सुरूङ पनि निर्माण गरिएका छन्। निर्माण कार्यमा ठूलो अवरोध नआए छिट्टै सञ्चालनमा आउने अपेक्षा गरिएको छ।

यससँगै खुर्कोट-चियाबारी सुरूङमार्ग, पोखरा-जोमसोम हिमाली सुरूङमार्ग, रसुवागढी-केरूङ अन्तरदेशीय सुरूङमार्गजस्ता परियोजनालाई तीव्रताका साथ अगाडि बढाउनु मुलुकका लागि अत्यन्त आवश्यक देखिन्छ।

पूर्व-पश्चिम तथा उत्तर-दक्षिण जोड्ने यस्ता ठूला पूर्वाधारहरूले नेपाललाई केवल भौतिक रूपमा मात्र जोड्ने होइनन्, आर्थिक, सामाजिक र रणनीतिक रूपान्तरणका प्रमुख आधार पनि बन्नेछन्।

यी तथ्यांक केवल संख्या होइनन्; यी त ती पुस्ताको पसिना, संघर्ष, अभाव र प्रतीक्षाका जीवन्त कथा हुन्, जसले कठिनाइमै जीवन बिताए पनि भावी पुस्ताले सहज नेपाल देखोस् भन्ने सपना कहिल्यै मर्न दिएनन्।

आजको पुस्ताले बुझ्नुपर्ने मुख्य कुरा यही हो कि आजको सुविधा र पहुँचको पछाडि विगतका पुस्ताले भोगेको कठोर संघर्षको लामो इतिहास लुकेको छ। त्यसैले नेपाल आज असुविधाबाट सुविधातर्फ, अभावबाट सम्भावनातर्फ र संघर्षबाट समृद्धितर्फको यात्रामा दौडिन् भरमग्दुर प्रयास गरिरहेको छ। सबैको इमानदार योगदानको खाँचो छ।

**ऊर्जा- अन्धकारबाट उज्यालोतर्फ**

२०४५ सालमा एसएलसीको तयारी गर्दा मट्टितेलको टुक्की, सल्लो र निगालोको दियालो बालेर रातभर पढेका दिनहरू आज पनि स्मृतिमा ताजै छन्। बिहान उठ्दा आँखा र मुखभरि कालो धुवाँको तह जमेको हुन्थ्यो।

त्यति बेला पढाइसँगै उज्यालोको संघर्ष पनि सँगसँगै चल्थ्यो।

सायद १२ देखि १८ घन्टासम्मको बाध्यकारी लोडसेडिङको पीडा नभोगेको नेपाली भेटिन मुस्किल छ। अन्धकारसँग जुध्दै गृहकार्य गर्ने, मोबाइल चार्ज गर्न पालो कुर्ने, पानी तान्न रातभर जागा बस्ने र उद्योग-व्यवसाय ठप्प हुने त्यो समय नेपाली समाजको साझा अनुभव बनेको थियो।

तर समय त्यहीँ रोकिएन।

संघर्षकै बीचबाट नेपालले ऊर्जा क्षेत्रमा उल्लेखनीय फड्को मारेको छ। एक दशकअघि करिब ८ सय मेगावाटमा सीमित रहेको विद्युत उत्पादन आज बढेर ४ हजार २ सय ९६ मेगावाट पुगेको छ।

यो केवल तथ्यांकको वृद्धि होइन, अन्धकारबाट उज्यालोतर्फको राष्ट्रिय यात्राको कथा हो।

बाँकी ३ पेजमा

## विश्व

# म्यान्माका राष्ट्रपति भारत भ्रमणमा



**नयाँदिल्ली, १६ जेठ ।**
म्यान्माका राष्ट्रपति मिन आङ ह्लाइङ राष्ट्रपति बने पछि पहिलो पटक छिमेकी राष्ट्र भारतको भ्रमणका लागि शनिबार भारत आइपुगेको जनाइएको छ। भ्रमणमा उहाँले, प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट-वार्ता गर्ने कार्यक्रम रहेको जनाइएको छ।

भारत तथा म्यान्मा सरकारका अनुसार पूर्व सेना प्रमुख तथा म्यान्माका राष्ट्रपति ह्लाइङले आफ्नो पाँच दिने भ्रमणमा व्यापारिक प्रतिनिधिहरूसँग पनि भेट- वार्ता गर्ने कार्यक्रम रहेको जनाइएको छ।

भारतको विदेश मन्त्रालयले ह्लाइङलको भ्रमणको जानकारी उल्लेख गर्दै विज्ञप्ति जारी गरेको छ भने प्रवक्ता रणधीर जयस्वालले भारतको पूर्वी राज्य बिहारमा ह्लाइङलाइ स्वागत गरेको तस्वीरहरू सामाजिक सञ्जालमा पोस्ट गरेका छन्।

राष्ट्रपति मिन आङ ह्लाइङले बौद्ध तीर्थ-स्थल बोधगयाको भ्रमण बाट आफ्नो यात्रा सुरु गर्ने जनाइएको छ। जहाँ भगवान गौतम बुद्धले बद्धत्व प्राप्त गरेका थिए। भ्रमणले बलियो आध्यात्मिक, ऐतिहासिक र जनता-जनताबीचको सम्बन्धलाई प्रतिबिम्बित गर्ने उल्लेख गर्दै जयस्वालले दुई देशहरू बीच चलिरहेको सहयोगलाई प्रतिबिम्बित गरेको बताएका छन्।

उहाँले आगामी सोमबार नयाँदिल्लीमा प्रधानमन्त्री मोदी र राष्ट्रपति द्रौपदी मुर्मुसँग भेटवार्ता गर्ने कार्यक्रम तय भएको भारतको विदेश मन्त्रालयले जनाएको छ। भेटवार्तामा दुवै नेताहरुले दुइ मुलुक बीचको सम्बन्धलाई कसरी अझ बलियो बनाउने भन्ने बारे छलफल गर्ने जयस्वालले नयाँ दिल्लीमा आयोजित पत्रकारहरूसँगको साक्षातकारमा बताएका छन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – शरीरमा कमजोरी अनुभूति हुनेछ । लगनशील बन्दाबन्दै पनि काममा पछि परिनेछ । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला ।

**वृष** – मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। व्यवसायले मनग्य आम्दानी दिलाउनेछ।

**मिथुन** – हिम्मतले काम लिँदा मनग्य लाभ हुनेछ। मेहनतले प्रतिस्पर्धाको दौडमा सफलता दिलाउनेछ। भौतिक साधन जुट्नेछन्।

**कर्कट** – आवेशको निर्णयले समस्या निम्त्याउने हुँदा व्यवहारमा सजग रहनुपर्ला। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन्।

**सिंह** – पहिलेको सफलताले धन आर्जन हुनेछ। तर मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउनेछन्।

**कन्या** – नयाँ काम प्रारम्भ गर्ने समय छ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ।

**तुला** – प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। बोली-व्यवहारमा अलि सजग रहनुपर्ला । नहुने काममा बलजफ्ती प्रयत्न गर्दा नयाँखाले समस्या आउन सक्छन्।

**वृश्चिक** – कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारमा अलमलिनुपर्ला । खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ।

**धनु** – खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ। दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला।

**मकर** – प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ।

**कुम्भ** – पुरुषार्थी काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा विशेष स्थान प्राप्त हुन सक्छ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ।

**मीन** – फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ । धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला । बुद्धिको उपयोगले प्रशंसकहरू बढाउन सकिनेछ।

# पेट्रोलियम उत्पादनका लागि सम्झौताको गृहकार्य

**युग संवाददाता**
**काठमाडौँ, १६ जेठ ।**

खानी तथा भूगर्भ विभागले पेट्रोलियम उत्पादनका लागि दोस्रो चरणको सम्झौताको गृहकार्य गरेको छ। विभागले व्यावसायिक उत्खननका लागि विभाग र चाइना जियोलोजिकल सर्भेबीच थप सम्झौताका लागि आन्तरिक तयारी गरेको हो।

पेट्रोलियम पदार्थको आन्तरिक उत्पादनका लागि चीन सरकारको प्राविधिक सहयोगमा सञ्चालित पेट्रोलियम अन्वेषण परियोजनाले दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा पहिलो चरणको 'ड्रिलिङ', अन्वेषण कार्यलगायत सकिएको जनाएको छ। पेट्रोलियम पदार्थको ड्रिलिङ र अन्वेषण कार्यहरू सम्पन्न गरेको विभागले व्यावसायिक उत्पादन सुरु गर्न उक्त सम्झौताका लागि विभागले आवश्यक सहयोग प्राप्त गर्न सरकारसँग समन्वय गरेको हो।

## बजेटमा कर्णाली:
# प्राथमिकतामा पूर्वाधार निर्माण

**युग संवाददाता**
**सुर्खेत, १६ जेठ ।**

सङ्घीय सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा कर्णालीको पूर्वाधारमा जोड दिइएको छ। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेट वक्तव्यमा पूर्वाधारलाई प्राथमिकता दिइएको छ।

कर्णाली राजमार्गअन्तर्गत सुर्खेत-जुम्ला-गमगढी सडकको स्तरोन्नतिका लागि रु एक अर्ब बजेट विनियोजन गरिएको छ। कर्णालीको जनजीवनलाई सहज गर्न जाजरकोटको मुल्सामदेखि जुम्लाको टोप्लासम्मको सुरुङ मार्गको सम्भाव्यता अध्ययन, कर्णाली करिडोरको ३१ किलोमिटर कालोपत्र र ग्राभेल गरिने अर्थमन्त्री डा वाग्लेले वक्तव्यमार्फत जानकारी दिए।

त्यस्तै, कर्णाली करिडोरको ३१, कालीगण्डकी करिडोरको २१ र कोसी करिडोरको १५ किलोमिटर कालोपत्र गर्न रु ६ अर्ब २५ करोड बजेट विनियोजन गरिएको छ भने भेरी करिडोर स्तरोन्नतिका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने उल्लेख छ। जाजरकोट तथा रुकुमपश्चिमलगायतका जिल्लामा भूकम्पबाट क्षतिग्रस्त निजी आवास र सरकारी भवन पुनःनिर्माण गर्न पनि सरकारले आवश्यक बजेट विनियोजन गरेको छ।

मध्यपहाडी (पुष्पलाल), कर्णाली राजमार्ग, भेरी करिडोर र रारा जुम्लाहुँदै शे-फोक्सुण्डोको 'कर्णाली चतुर्भुज' जडीबुटी, जलविद्युत्, पर्यटन र खानीजन्य क्रियाकलापले प्रश्रय पाउने व्यवस्था गरिएको छ। सरकारले मध्यपहाडी राजमार्गसँग ओलाङ्चुङ्गोला, किमाथाङ्का, तातोपानी, रसुवागढी, कोरला, हिल्साजस्ता उत्तरी पर्या-व्यापारिक गन्तव्यसँग जोड्ने लक्ष्य राखेको छ। चार सय १६ मेगावाटको नलगाड जलविद्युत् आयोजनाको अध्ययन प्रक्रिया अगाडि बढाउने, कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताको लगानीमा ४३९ मेगावाटको बेतन कर्णाली जलविद्युत् आयोजना निर्माणको ठेक्का प्रक्रिया सुरु गर्ने, कर्णाली करिडोर राष्ट्रिय प्रसारण लाइन निर्माणलाई तीव्रता दिने, राष्ट्रिय ग्रीड नपुगेका कर्णालीका स्थानीय तहमा विद्युतीकरणलाई तीव्रता दिने नीति सरकारले लिएको छ।

कर्णालीको स्वास्थ्य जोखिमलाई ध्यानमा राखेर एयर एम्बुलेन्स सञ्चालन गर्ने, कर्णाली नदीको व्यवस्थापन, कर्णाली प्रदेशमा गुणस्तरीय टेलिफोन सेवा र इन्टरनेट विस्तार गर्ने, यहाँका दुर्गमा क्षेत्रमा टेलिमेडिसिन सेवा विस्तार तथा भिडियो कन्सल्टेसनमार्फत विशेषज्ञ स्वास्थ्य सेवा सुनिश्चित गर्ने, सुर्खेतमा १० औँ राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न गर्नका लागि आवश्यक पूर्वाधारण निर्माण गरिने तथा कम्तीमा दुई हजार जना अटाउने इन्डोर मल्टिप्रपोज स्टेडियम बनाउने बजेट वक्तव्यमा उल्लेख गरिएको छ।

कर्णालीमा स्याउ, ओखरलगायत फलफुलको जोन सञ्चालन गर्ने र चिस्यान केन्द्र स्थापना कार्य अगाडि बढाउने, हुम्लाको हिल्सा सीमा नाकामा पशु क्वारेन्टिन स्थापना गर्ने, काँक्रेबिहार-पञ्चकोशी-रारालाई प्रादेशिक पर्यटकीय करिडोरको रूपमा प्रवर्द्धन गर्ने, उच्च पहाडी पर्या-पर्यटन पदमार्ग (डाँफे रुट) अन्तर्गत रारालाई जोड्ने, सुर्खेत विमानस्थलको विस्तार र मुगुको ताल्चा विमानस्थलको स्तरोन्नति गर्नेलगायत विषय

# दोमिल्लामा बहुउद्देश्यीय योग भवन निर्माण ९० प्रतिशत सकियो




**युग संवाददाता**
**कञ्चनपुर, १६ जेठ ।**

कृष्णपुर नगरपालिका-१ दोमिल्लामा योग भवन निर्माण अन्तिम चरणमा पुगेको छ। वडा कार्यालय र नगरपालिकाको रु १८ लाखको संयुक्त लगानीमा निर्माण भइरहेको भवनको हालसम्म ९० प्रतिशत काम सम्पन्न भएको हो।

कृष्णपुर-१ का वडाध्यक्ष मोहन बस्नेतले योग तथा व्यायामप्रति नागरिकको आकर्षण बढाउँदै स्वस्थ बनाउने उद्देश्यले भवन निर्माण थालिएको बताए। "जनस्वास्थ्य र शारीरिक व्यायामलाई प्राथमिकतामा राखेर भवन निर्माण गरिरहेका छौँ", उनले भने, "यो भवनलाई बहुउद्देश्यीय रूपमा प्रयोग गर्न सकिनेछ, बिहान र बेलुकाको समयमा योग अभ्यास तथा व्यायामका लागि प्रयोग हुनेछ भने दिउँसो विभिन्न सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालन गर्न सकिनेछ।"

वडाध्यक्ष बस्नेतका अनुसार भवनलाई आवश्यकता अनुसार पार्टी प्यालेसका रूपमा समेत प्रयोग गर्न सकिने गरी संरचना निर्माण भइरहेको छ। स्थानीयस्तरमा सभा, गोष्ठी, तालिम तथा सामुदायिक कार्यक्रम सञ्चालनका लागि उपयुक्त स्थानको अभाव भइरहेका बेला भवनले बहुआयामिक उपयोगिता दिने अपेक्षा गरिएको उनले बताए।

योसँगै भवन परिसरमा रहेको खुला चौरलाई आगामी दिनमा पार्कका रूपमा विकास गर्ने योजना वडा कार्यालयले अघि सारेको छ। सीमित बजेटका कारण सबै संरचना एकैपटक निर्माण गर्न नसकिए पनि आगामी वर्षहरूमा आवश्यक पूर्वाधार थप्दै जाने योजना रहेको वडाध्यक्ष बस्नेतले जानकारी दिए।

# नेपालको...

एक समय लोडसेडिङको प्रतीक बनेको देश आज नियमित विद्युत आपूर्तिको दिशामा उभिएको छ।

२०७३ सालपछि काठमाडौं उपत्यकासहित देशभर नियमित विद्युत आपूर्ति सुनिश्चित हुनु नेपाली जनजीवनका लागि ऐतिहासिक उपलब्धि थियो। वर्षौंदेखि अन्धकार भोगेको समाजका लागि त्यो परिवर्तन कुनै सरकारी घोषणा मात्र थिएन, अनुभूत गरिएको वास्तविक राहत थियो।

आज विद्युतको पहुँच ७४ प्रतिशतबाट बढेर ९७ प्रतिशत जनसंख्यामा पुगेको छ। ग्रामीण बस्तीहरूमा राष्ट्रिय प्रसारण लाइन विस्तार भएका छन्। जहाँ कहिल्यै बल्ब बल्ने कल्पना पनि गरिएको थिएन, त्यहाँ आज घर-घरमा उज्यालो पुगेको छ। सौर्य तथा वैकल्पिक ऊर्जाको विस्तारले दुर्गम गाउँहरू रातभरि जुनकिरीले ढाकेजस्तै चम्किरहेका छन्।

ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनको निर्माण नेपालका लागि ऊर्जा क्षेत्रमा ऐतिहासिक मोड बन्यो। यसले केवल विद्युत आयात-निर्यातको बाटो खोलेन, देशको औद्योगिक विकास, व्यापार, शिक्षा, स्वास्थ्य सेवा र सूचना-प्रविधिको विस्तारलाई समेत नयाँ गति दियो।

ऊर्जा क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित गर्ने वातावरण बनेपछि जलविद्युत उत्पादनमा लगानी पनि उल्लेखनीय रूपमा बढेको छ।

अवश्य पनि चुनौतीहरू अझै बाँकी छन्। प्रसारण लाइन विस्तार, विद्युत् चुहावट नियन्त्रण, दीर्घकालीन भण्डारण प्रणाली र दिगो उत्पादनमा अझै धेरै काम गर्न आवश्यक छ। तर यी चुनौतीबीच नेपालले ऊर्जा क्षेत्रमा हासिल गरेको उपलब्धि नकार्न मिल्दैन।

किनकि यो यात्रा केवल मेगावाटको हिसाब होइन। यो यात्रा टुक्कीको धुवाँबाट एलइडीको उज्यालोसम्म आइपुगेको पुस्ताको संघर्ष हो। यो यात्रा अन्धकारमा सपना देख्नेहरूबाट उज्यालोमा भविष्य निर्माण गर्ने पुस्तासम्मको परिवर्तन हो।

त्यसैले आज ऊर्जा क्षेत्रमा भएका उपलब्धिको चर्चा गर्दा त्यसलाई केवल राजनीतिक चस्माले होइन, इतिहासको कठोर यथार्थ र नेपाली समाजले भोगेको पीडाको सन्दर्भबाट पनि हेर्न आवश्यक छ। उज्यालो नेपाल अब केवल सपना होइन, संघर्ष र सम्भावनाले निर्माण गरेको यथार्थ बन्दै गएको छ।

**शिक्षा–निरक्षरताबाट साक्षरतातिर**

एकदलीय निरंकुश शासन व्यवस्थाविरूद्ध बहुलवादसहितको खुला बहुदलीय प्रणाली स्थापनाका लागि करिब तीन दशकसम्म संघर्ष गरेको पुस्ताको त्याग र बलिदानले २०४६ सालको राजनीतिक परिवर्तन सम्भव बनायो।

संवैधानिक राजतन्त्रसहितको बहुदलीय शासन प्रणालीको सुरूआतसँगै नेपालले लोकतान्त्रिक यात्रामा पाइला टेकेको थियो। तर त्यति बेलाको समाज आजको पुस्ताले कल्पना गरेभन्दा धेरै फरक सीमित पहुँच, गहिरो असमानता र अवसरको अभावले भरिएको थियो।

२०४८ सालतिरको तथ्यांकले त्यही यथार्थ बोल्छ। देशको साक्षरता दर करिब ३३ प्रतिशत मात्रै थियो। पुरूष साक्षरता करिब ४९ प्रतिशत हुँदा महिलाको अवस्था अझै कमजोर करिब १७ प्रतिशतमा सीमित थियो।

यसको अर्थ, त्यति बेला नेपालका झन्डै दुई तिहाइ नागरिक अक्षर चिन्न नसक्ने अवस्थामा थिए। शिक्षा पहुँच सहरकेन्द्रित मात्र होइन, धेरैजसो ग्रामीण भेगमा त विद्यालयको उपस्थितिसमेत न्यून थियो। विद्यालय पुग्न घन्टौं पैदल हिँड्नुपर्ने बाध्यता सामान्य थियो। वर्षायाममा खोलानाला तरेर, ज्यान जोखिममा राखेर पढ्न जाने बालबालिकाको कथा कुनै अपवाद होइन, सामान्य जीवन थियो।

अझ छोरीहरूलाई विद्यालय पठाउने अभ्यास धेरै ठाउँमा सुरू नै भएको थिएन। घरधन्दा, मेलापात र सानै उमेरमा विवाहलाई नै उनीहरूको 'नियति' ठानिन्थ्यो। यो कुनै काल्पनिक कथा होइन त्यो समयको कठोर सामाजिक यथार्थ हो। तर समयसँगै नेपालले शिक्षा क्षेत्रमा उल्लेखनीय परिवर्तन हासिल गऱ्यो। आज देशको साक्षरता दर ७६.२ प्रतिशतभन्दा माथि पुगेको छ। पुरूष साक्षरता करिब ८३ प्रतिशत र महिला साक्षरता करिब ६९ प्रतिशतसम्म पुग्नु आफैमा सामाजिक रूपान्तरणको संकेत हो। यो केवल तथ्यांकको वृद्धि होइन, चेतना, पहुँच र अवसर विस्तारको यात्रा हो।

शिक्षामा पहुँच मात्र होइन, विद्यालयमा टिकाइमा पनि व्यापक सुधार भएको छ। आज प्राथमिक तहको खुद भर्ना दर करिब ९५-९७ प्रतिशत, आधारभूत तह करिब ९२-९३ प्रतिशत र माध्यमिक तह करिब ७५-८० प्रतिशतसम्म पुगेको देखिन्छ।

अझ महत्त्वपूर्ण कुरा, करिब ८५-९० प्रतिशत बालबालिका विद्यालय प्रणालीमा टिकिरहेका छन्। ड्रप-आउट दर, जुन पहिले अत्यन्त उच्च थियो, अहिले घटेर करिब ५-१० प्रतिशतको सीमामा झरेको छ।

यो परिवर्तन कुनै एकै कारणले सम्भव भएको होइन। लोकतान्त्रिक राज्य व्यवस्थाको विस्तार, शिक्षामा राज्यको निरन्तर लगानी, विद्यालय पहुँच विस्तार, सामुदायिक विद्यालयहरूको वृद्धि, छात्रवृत्ति कार्यक्रम, साक्षरता अभियान तथा प्रविधिमैत्री शिक्षण प्रणालीको विकासले यो यात्रालाई सम्भव बनाएको हो।

कोभिड-१९ महामारीको कठिन समयमा पनि शिक्षा प्रणाली पूर्ण रूपमा रोकिएन। अनलाइन कक्षा, रेडियो टिभी कक्षा, डिजिटल सामग्री र वैकल्पिक शिक्षण विधिको प्रयोगमार्फत सिकाइ निरन्तर राख्ने प्रयास गरियो। यो अनुभवले नेपाली शिक्षा प्रणालीलाई प्रविधितर्फ अझ नजिक ल्यायो। पछिल्ला तीन दशकको यात्राले एउटा गहिरो सामाजिक रूपान्तरण पनि देखायो। जुन समाजमा छोरीलाई विद्यालय पठाउनु अनावश्यक मानिन्थ्यो, त्यही समाजबाट आज डाक्टर, इन्जिनियर, प्राध्यापक, प्रशासक र नीति-निर्मातासम्म महिलाको उपस्थिति बढेको छ। एक समय अक्षर नचिन्ने परिवारका सन्तान आज देश विदेशका विश्वविद्यालयमा अध्ययन गरिरहेका छन्।

त्यसैले आजका उपलब्धिको चर्चा गर्दा विगतको अभाव, संघर्ष र कठिन यथार्थ बिर्सिनु हुँदैन। किनकि आजको उज्यालो पुस्ता, हिजो अन्धकारमा अक्षर चिन्न संघर्ष गर्ने पुस्ताको त्याग, धैर्य र सपनाको उपज हो। तर यात्रा अझै पूरा भएको छैन। गुणस्तरीय शिक्षा, ग्रामीण-सहरी असमानता, दक्ष जनशक्ति उत्पादन र शिक्षित बेरोजगारीजस्ता चुनौती अझै विद्यमान छन्।

सामुदायिक विद्यालयको गुणस्तर सुधार र सिकाइको व्यावहारिकता अझै मजबुत बनाउनुपर्ने आवश्यकता छ। तथापि, विगत केही दशकमा शिक्षा क्षेत्रमा भएको प्रगति नेपाललाई निरक्षरताबाट साक्षरतातर्फ मात्र होइन, चेतनाशील र रूपान्तरणमुखी समाजतर्फ अघि बढाउने ऐतिहासिक उपलब्धि हो। शिक्षा नै समृद्धिको आधार हो भन्ने मान्यतालाई व्यवहारमा उतार्दै नेपाल अहिले एउटा नयाँ सम्भावनायुक्त युगतर्फ अघि बढिरहेको छ।

**प्रविधि– सम्पर्कहीनताबाट सञ्जालीकरणतिर**

काठमाडौंमा अध्ययन गर्ने दिनहरू सम्झिँदा एउटा छुट्टै कठिन समय आँखामा आउँछ। खर्च सकिएपछि घरबाट पैसा पठाइदिनु भन्ने सन्देश दिनुपर्ने बाध्यता आफैमा एउटा ठूलो मानसिक दबाब हुन्थ्यो।

त्यति बेला अहिलेको जस्तो मोबाइल थिएन, न त एक क्लिकमै सन्देश पुग्ने सुविधा नै थियो। काठमाडौं त्रिपुरेश्वरमा रहेको 'आकासवाणी (टेलिग्राम)' कार्यालय पुग्नुपर्थ्यो।

घन्टौं लाइनमा बस्नुपर्थ्यो, पालो कुर्नुपर्थ्यो, अनि मात्र सन्देश लेख्न पाइन्थ्यो। 'पैसा तुरुन्त पठाइदिनु' भन्ने आशयलाई छोटकरीमा 'प. तु. प.' लेखेर पठाइन्थ्यो। त्यो सानो सन्देश पनि कहिले पुग्छ, कहिले पुग्दैन भन्ने अनिश्चितताबीच बस्नुपर्थ्यो।

त्यो सेवा पनि सबैका लागि पहुँचयोग्य थिएन। जिल्ला सदरमुकाममा मात्र सीमित थियो। सदरमुकामभन्दा टाढा बस्ने वा त्यहाँ आफन्त नभएका मानिसका लागि त सूचना पुग्ने कुनै सुनिश्चित माध्यम नै थिएन। घर र सहरबीचको दुरी केवल किलोमिटरको होइन, सूचना नपुग्ने दुरीको रूपमा पनि गहिरो थियो।

त्यो समयमा नेपालको सञ्चार व्यवस्था कति सीमित र कठिन थियो। ग्रामीण क्षेत्रमा सञ्चारको मुख्य आधार रेडियो, हुलाक र सीमित टेलिफोन सेवा मात्र थियो। टेलिफोन पनि सर्वसाधारणको पहुँचभन्दा टाढा, विशेष स्थानहरूमा मात्र उपलब्ध हुन्थ्यो।

तर समय क्रमशः बदलियो।

विशेषगरी २०७० पछिको दशकमा नेपालले सूचना तथा सञ्चार क्षेत्रमा तीव्र फड्को माऱ्यो। मोबाइल नेटवर्क गाउँ गाउँसम्म विस्तार हुन थाल्यो, इन्टरनेट सेवा सुलभ बन्दै गयो र फोर-जी सेवाले डिजिटल पहुँचलाई नयाँ स्तरमा पुऱ्यायो।

अहिले त फाइभ-जी परीक्षण र विस्तारको चरणसम्म देश आइपुगेको छ। आजको तथ्यांकले देखाउँछ नेपालमा मोबाइल पहुँच करिब ९५-१०० प्रतिशत, इन्टरनेट पहुँच करिब ९० प्रतिशत, र सक्रिय स्मार्टफोन प्रयोगकर्ता करिब ७५-८५ प्रतिशतको हाराहारीमा पुगेका छन्।

आज नेपाल लगभग 'मोबाइल-डिजिटल कनेक्टेड सोसाइटी' बनेको छ। जहाँ एक समय सन्देश पुग्न हप्तौं लाग्थ्यो, आज त्यही सूचना सेकेन्डमै पुग्छ। जहाँ एक समय परिवारसँग सम्पर्क गर्न अवसर नै दुर्लभ थियो, आज भिडियो कलमा गाउँ-सहर मात्र होइन, देश-विदेश जोडिएका छन्।

त्यति बेला साथीहरू बनाउन गोरखापत्रमा 'पत्र मित्रता' लेख्नुपर्थ्यो। आज क्षणभरमै मित्रता मात्र होइन, हिंसा मच्चिन समय लाग्दैन।

यो परिवर्तन केवल प्रविधिको विकास होइन, जीवनशैलीको रूपान्तरण हो। सम्पर्कहीनताको युगबाट सञ्जालीकरणको युगसम्मको यात्रा हो।

तर यो सहजता एकै रातमा आएको होइन। यसको पछाडि दशकौंको प्रयास, लगानी, नीतिगत सुधार, निजी क्षेत्रको सहभागिता र प्रविधि अपनाउने समाजको निरन्तर प्रयास जोडिएको छ।

आज जुन सहजता हामी भोगिरहेका छौं, त्यो हिजोका कठिन दिनहरूको बिस्तारै खुलेको उज्यालो रूप हो।

आज प्रविधिको प्रयोगले राजनीतिक सत्तामा फेरबदल ल्याइदिन सक्ने गरी प्रयोग हुँदै आएको छ। नेपालमा अधिकांश स्थानीय तहसम्म मोबाइल नेटवर्क र इन्टरनेट सेवा पुगेको छ, जसले सम्पर्कहीनताको अवस्थालाई अन्त्य गर्दै बृहत् सञ्जालीकरणको युगमा नेपाल प्रवेश गरेको छ।

यो विकास केवल एक रातमा चाहेर भएको होइन। निकै ठूलो योगदान मेहनत परेको छ।

यसरी नेपालले सञ्चार अभाव र सीमित सम्पर्कको अवस्थाबाट आधुनिक सञ्जालीकृत समाजतर्फ उल्लेखनीय फड्को मारेको छ।

**व्यवस्थित बजेट– समृद्ध अर्थतन्त्रतिर**

नेपालले योजनाबद्ध विकासको औपचारिक यात्रा २०१३ बाट आरम्भ गरेको तथ्य आज सर्वविदित छ। तत्कालीन प्रथम पञ्चवर्षीय योजना (वि.सं. २०१३-२०१८) को कुल बजेट केवल ३३ करोड रूपैयाँ रहेको ऐतिहासिक अभिलेखहरूले पुष्टि गर्छन्। त्यस समय नेपालको राष्ट्रिय अर्थतन्त्रको आकार करिब ९-१० अर्ब रुपैयाँको सीमाभित्र रहेको अनुमान छ।

समयक्रमसँगै राज्यको संरचना, विकासका आवश्यकता तथा आर्थिक गतिविधिको दायरा उल्लेखनीय रूपमा विस्तार हुँदै गएको छ। आज नेपालको वार्षिक बजेट करिब १९.६४ खर्ब रूपैयाँको हाराहारीमा पुगेको छ।

राष्ट्रिय अर्थतन्त्रको आकार पनि ६५-७० खर्ब रुपैयाँसम्म विस्तार भएको छ।

विडम्बना के छ भने, बजेटको आकार निरन्तर बढ्दै गए पनि त्यसको गुणस्तरीय कार्यान्वयन भने अझै गम्भीर चुनौतीकै रूपमा विद्यमान छ। चालु खर्च ११.८ खर्ब रूपैयाँ नाघ्ने संकेत देखिइरहेका बेला विकास निर्माणसँग प्रत्यक्ष सम्बन्धित करिब ४.०८ खर्ब रूपैयाँको पुँजीगत बजेटसमेत पूर्ण रूपमा खर्च हुन नसक्नु राज्य संयन्त्रको कार्यक्षमता र प्राथमिकतामाथि प्रश्न उठाउने विषय बनेको छ।

यसबाट प्रश्न उठ्छ कि के हामी केवल बजेटको आकारलाई अस्वाभाविक रूपमा विस्तार गरिरहेका छौं?

के परम्परागत आर्थिक संरचनामा सार्थक सुधार ल्याई मुलुकले परिकल्पना गरेको समृद्धिको यात्रा पूरा गर्न गन्तव्यसहितको लक्ष्य निर्धारण गरिरहेका छौं?

पन्ध्रौं आवधिक योजनाले दीर्घकालीन समृद्धिको लक्ष्य निर्धारण गर्दा आधार वर्ष २०७५/७६ मा नेपालको प्रतिव्यक्ति राष्ट्रिय आय १,०४७ अमेरिकी डलर थियो। त्यसलाई २०८०/०८१ सम्ममा १,५९५ डलर पुऱ्याउने लक्ष्य राखिए पनि हालसम्म यो करिब १,५१७ डलरको सीमामा पुगेको छ। यसले लक्ष्य र उपलब्धिबीच तालमेल मिलाउनु पर्ने संकेत दिएको छ।

बजेट मूलतः सरकारको वार्षिक आय-व्यय तथा खर्चको अनुमान प्रस्तुत गर्ने नियमित संवैधानिक प्रक्रिया हो। तर यसको महत्त्व केवल अंकगणितीय व्यवस्थापनमा सीमित हुनु हुँदैन; यसले राष्ट्रको विकासदृष्टि, आर्थिक दिशा र समृद्धिको मार्गचित्र निर्धारण गर्ने दायित्व पनि बहन गर्छ।

त्यसैले बजेट निर्माणमा दूरदृष्टि, नीतिगत स्पष्टता र संरचनागत रूपान्तरणप्रति उदार सोच अपरिहार्य छ। २०७६/०७७ देखि आरम्भ गरिएको दीर्घकालीन राष्ट्रिय सोचले नेपाललाई 'समृद्ध अर्थतन्त्र' को मार्गमा अघि बढाउने लक्ष्यसहित रूपान्तरणका प्रमुख संवाहक क्षेत्रहरूको पहिचान गरेको छ।

तर ती क्षेत्रहरूको प्रभावकारी परिचालन, संस्थागत सुदृढीकरण तथा परिणाममुखी कार्यान्वयनबिना समृद्धिको यात्रा अधुरै रहने जोखिम अझै विद्यमान छ।

सरकारका नीति तथा कार्यक्रम र बजेटका वर्तमान प्राथमिकताले प्रतिव्यक्ति आम्दानी ३ हजार डलर पुऱ्याउने तथा राष्ट्रिय अर्थतन्त्रलाई १०० अर्ब डलरको स्तरमा विस्तार गर्ने लक्ष्य हासिल गर्न पर्याप्त आधार निर्माण गर्न सकेका छैनन् भन्ने अनुभूति बढ्दो छ।

एक्काइसौं शताब्दीको विकास र समृद्धिको विमर्शमा नेपाल अब केवल सरकारको वार्षिक आय-व्यय योजनाको सोचभन्दा माथि उठेर अघि बढ्न आवश्यक छ।

स्रोतको सीमितता, खर्च गर्ने क्षमताको अभाव, योजना कार्यान्वयनमा ढिलाइ तथा विकासको असमान वितरणजस्ता विद्यमान चुनौतीहरू सम्बोधन गर्ने रूपान्तरणकारी र न्यायोचित नीति र योजनाको अझै खाँचो छ कि भन्ने अनुभूति भइरहेको छ।

तथापि, यी चुनौतीकै बीच नेपालको अर्थतन्त्र स्थिरताको अवस्थाबाट विस्तार र रूपान्तरणतर्फ उन्मुख भइरहेको तथ्य स्वीकार गर्दै बजेटलाई अब समृद्ध अर्थतन्त्र तर्फ अगाडि बढाउँदै लैजानुपर्छ।

समग्रमा भन्नुपर्दा, नेपालको बजेट यात्रा केवल अंकहरूको विस्तार होइन, सोच र दृष्टिकोणको रूपान्तरणको आशा र भरोसाको आधार बन्न सक्नुपर्छ।अघिल्लो पुस्ताले अभाव र संघर्षबीच निर्माण गरेको आधारशिलामाथि आजको पुस्ता समृद्ध नेपालको सपना देख्न सक्षम हुन सक्नुपर्छ।

'समृद्ध अर्थतन्त्र' अबको सपना र कल्पना मात्र होइन, राष्ट्रिय आकांक्षा र लक्ष्य हो, जसलाई सही नीति, प्रभावकारी कार्यान्वयन र दुरदर्शी बजेटले दिशानिर्देश गर्न सक्छ।

**बढ्दो औसत आयुः विकास लगानीको प्रतिफल**

सन् १९९८ को मानव विकास सूचकांक प्रतिवेदन अनुसार मुगु जिल्लाको औसत आयु केवल ३६ वर्ष थियो भने नेपालको औसत आयु करिब ६१ वर्षको हाराहारीमा थियो।

त्यति बेला कर्णालीका अधिकांश जिल्ला, सुदूरपश्चिम तथा नेपालका धेरै पहाडी र हिमाली जिल्लाहरूमा औसत आयु ४० वर्षभन्दा कम थियो। यो तथ्यांक आजभन्दा करिब २७ वर्षअघिको हो।

यो पृष्ठभूमिलाई हेर्दा, नेपालले मानव विकासका क्षेत्रमा हासिल गरेको प्रगति उल्लेखनीय र मननीय देखिन्छ। विशेषगरी स्वास्थ्य, शिक्षा, पोषण तथा आधारभूत सेवामा गरिएको लगानीले अर्थपूर्ण उपलब्धि हासिल गरेको स्पष्ट हुन्छ।

२०७८ को तथ्यांक अनुसार नेपालको औसत आयु ७१.३० वर्ष पुगेको छ। २७ वर्ष अगाडिसम्म अत्यन्तै दयनीय अवस्थामा रहेका प्रदेशहरू आज तुलनात्मक रूपमा सन्तोषजनक अवस्थामा पुगेका छन्। प्रजातन्त्र पुनः स्थापनापछि करिब एक दशक बित्दा तयार गरिएको २०५४/०५५ सालको आधारभूत अवस्थासँग तुलना गर्दा, कर्णाली प्रदेशले औसत आयु वृद्धिमा सबैभन्दा उल्लेखनीय फड्को मारेको देखिन्छ।

सन् १९९८ मा ३६ वर्ष औसत आयु रहेको कर्णालीको ७२.५० वर्ष पुगेको छ। त्यसमध्ये पुरूषको औसत आयु ६९.२० वर्ष र महिलाको ७५.५० वर्ष छ।

त्यसैगरी, कोशी प्रदेशको औसत आयु ७०.४० वर्ष, मधेसको ७१.८० वर्ष, बागमतीको ७२.४० वर्ष, गण्डकीको ७२.१० वर्ष, लुम्बिनीको ६९.५० वर्ष तथा सुदूरपश्चिमको ७१.३० वर्ष पुगेको छ।

विश्वका धेरै मुलुकहरूसँग तुलना गर्दा नेपालमा औसत आयु वृद्धिको गति उल्लेखनीय रूपमा तीव्र देखिन्छ। विगत दुई दशकमा नेपालले स्वास्थ्य तथा मानव विकासका क्षेत्रमा हासिल गरेको परिवर्तनलाई वर्तमान पुस्ताले बुझ्न, अध्ययन गर्न र विश्लेषण गर्न आवश्यक छ।

यसले राज्यको लगानी, सामाजिक परिवर्तन र जनचेतनाले समाज रूपान्तरणमा पार्ने प्रभाव स्पष्ट रूपमा देखाउँछ।

**गर्नु के पर्छ?**

विगत तीन दशकमा नेपालले हासिल गरेका उल्लेखनीय उपलब्धिहरूलाई कुनै पनि सरकारले बहाना वा भाषणले ढाकछोप गर्न सक्दैन, किनकि तथ्यांकहरू स्वयं बोलिरहेका हुन्छन्। त्यसैले प्राप्त उपलब्धिमाथि टेकेर एक्काइसौं शताब्दीका जनआकांक्षालाई सम्बोधन गर्ने गरी परिणाममुखी लक्ष्य र स्पष्ट गन्तव्य निर्धारण गर्नु आजको आवश्यकता बनेको छ।

अबको कार्यदिशा नीतिगत घोषणामा सीमित नभई व्यावहारिक रूपान्तरणतर्फ केन्द्रित हुनुपर्छ।

यस सन्दर्भमा सरकारका सामु केही यस्ता गम्भीर विषय छन्, जसलाई आगामी कार्ययोजनाको प्राथमिकतामा राख्न अपरिहार्य देखिन्छ। तीमध्ये सबैभन्दा जटिल र चुनौतीपूर्ण विषय हो – नेपालमा बढ्दो आर्थिक असमानता।

आज राष्ट्रिय औसत प्रतिव्यक्ति आम्दानी करिब १,५९५ अमेरिकी डलर पुगेको बताइए पनि प्रदेशगत अवस्थाले गहिरो असन्तुलन उजागर गर्छ। सबभन्दा उच्च प्रतिव्यक्ति आम्दानी भएको बागमती प्रदेशको आय २,४८४ डलर पुगेको छ भने मधेस प्रदेशको औसत आय केवल ८९२ डलरमा सीमित छ।

यसले बागमती र मधेसबीच लगभग २.८ गुणाको आर्थिक दुरी रहेको स्पष्ट देखाउँछ।

त्यस्तै, गण्डकी प्रदेशको प्रतिव्यक्ति आम्दानी १,५५७ डलर पुग्दा कर्णाली प्रदेश १,०६६ डलरमै सीमित हुनुपरेको छ। कोशी प्रदेशको आय १,३३६ डलर रहँदा सुदूरपश्चिम १,१११ डलरमा खुम्चिएको अवस्था छ।

यी तथ्यहरूले प्रदेशहरूबीच विकास, अवसर, पूर्वाधार र आर्थिक पहुँचमा गहिरो असमानता रहेको पुष्टि गर्छन्।

यस्तो अवस्थामा सरकारले आर्थिक न्याय र समावेशी विकासलाई केन्द्रमा राखेर प्रगतिशील नीति तथा कार्यक्रम ल्याउनुपर्ने थियो। तर व्यवहारमा ती नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा आर्थिक असन्तुलन झन् गहिरिँदै गएको हो कि भन्ने प्रश्न बलियो रूपमा उठ्न थालेको छ।

अब सरकारको प्राथमिकता केवल आर्थिक वृद्धिदर बढाउने होइन, त्यो वृद्धिको प्रतिफल समाजका सबै वर्ग र भूगोलसम्म समान रूपमा पुऱ्याउने हुनुपर्छ।

गुणस्तरीय पुर्वाधार विकासको अभाव, सामाजिक क्षेत्रको कमजोर अवस्था, रोजगारी सिर्जनामा शून्य उपलब्धि भएका भौगोलिक क्षेत्रहरूको न्यायोचित विकास र उन्नतिका लागि सरकारले प्रगतिशील नीति र बजेटको विनियोजन गर्नु आजको पहिलो प्राथमिकता हो।

अर्थमन्त्रीको उदार अर्थ नीतिले यी विषय समेट्न सक्छन कि सक्दैनन! सामाजिक, आर्थिक र राजनीतिक रूपमा विश्लेषण गर्ने समय धेरै टाढा छैन। *(लेखक मीनबहादुर शाही एमालेका प्रवक्ता तथा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य हुन्)*

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# शेयर र घरजग्गा कारोबारमा तिर्नुपर्ने पुँजीगत लाभकर बढ्यो

**युग संवाददाता**
**काठमाडौँ, १६ जेठ ।**

सरकारले आर्थिक विधेयक २०८३ तथा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत् पुँजीगत लाभकरसम्बन्धी विद्यमान व्यवस्थामा संशोधन गरेको छ। शुक्रबार संसद्मा प्रस्तुत आर्थिक विधेयकअनुसार शेयर कारोबार र घरजग्गा कारोबारमा लाग्दै आएको पुँजीगत लाभकर बढेको छ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत् सूचीकृत कम्पनीका धितोपत्र बिक्री गर्दा लाग्दै आएको लाभकर नै अन्तिम हुने व्यवस्थासहित एक वर्षभन्दा बढी समय राखेर शेयर बेच्दा सात दशमलव पाँच प्रतिशत र एक वर्षभन्दा कम अवधिभित्र शेयर बेच्दा १० प्रतिशत लाभकर तिर्नुपर्ने व्यवस्था ल्याएको हो।

यसअघि आयकर ऐनमा नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा तीन सय ६५ दिनभन्दा बढी स्वामित्व रहेको हितको लाभ रकमको पाँच प्रतिशत र तीन सय ६५ दिनभन्दा बढी अवधिको स्वामित्वमा रहेको हितको लाभ रकमको सात दशमलव पाँच प्रतिशतका दरले कर लाग्ने व्यवस्था थियो।

त्यस्तै, निःसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) को स्वामित्व पाँच वर्ष वा सोभन्दा बढी भएको छ भने पाँच प्रतिशत र पाँच वर्षभन्दा कम भएकामा सात दशमलव पाँच प्रतिशत लाभकर लाग्ने व्यवस्थालाई पनि आर्थिक विधेयकमार्फत् संशोधन गरिएको छ। अब आफुले किनेको पाँच वर्षभन्दा बढी भइसकेको घरजग्गामा सात दशमलव पाँच प्रतिशत र पाँच वर्षभन्दा कम अवधिको घरजग्गामा १० प्रतिशत पुँजीगत लाभकर लाग्नेछ।

सरकारले विनियोजन विधेयकमार्फत् विकास निर्माण आयोजना सञ्चालनका लागि जग्गा प्राप्ति गर्दा घरजग्गा रजिष्ट्रेसनका लागि तोकिएको सरकारी मूल्याङ्कन सम्मको रकममा पुँजीगत लाभकर नलाग्ने व्यवस्था गरिएको जनाएको छ।

**राइड–सेयरिङ सेवामा एक प्रतिशत अग्रिम कर**

सरकारले आर्थिक विधेयक २०८३ मार्फत् राइड-सेयरिङ सेवामा अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ। आर्थिक विधेयकमार्फत् आयकर ऐनको दफा ९५ मा संशोधन गर्दै सरकारले यस्तो व्यवस्था ल्याएको हो। "बासिन्दा राइड-सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति (राइड-सेयरिङ अपरेटर)ले आफ्नो प्लेटफर्ममा आवद्ध भई कुनै सेवा प्रदान गर्ने प्राकृतिक व्यक्तिलाई प्रदान गरेको सेवावापतको रकमका एक प्रतिशतका दरले अग्रीम कर असुल गर्नुपर्नेछ", आर्थिक विधेयकमा उल्लेख छ।

**आर्थिक विधेयकमा जलविद्युत् प्रवर्द्धकलाई छुट**

सरकारले जलविद्युत् आयोजनाका लागि आर्थिक विधेयक मार्फत् केही छुट तथा राहतको प्रबन्ध गरेको छ। जलविद्युत् आयोजनाको क्षमता अभिवृद्धि तथा डिजाइन परिवर्तन गर्ने सैद्धान्तिक सहमतिको आयोजना, सो को ठेकेदार वा आयोजनाको प्रवर्द्धकले उपकरणलगायतका सामग्री आयात गर्दा बैंक जमानत सुविधा दिइनेछ।

आयोजानको उत्पादन, प्रसारण तथा वितरणका लागि आवश्यक पर्ने पाटपूर्जा, औजार तथा सो को अत्यावश्यक सामग्री विष्फोटक पदार्थ, पेनस्टक पाइप तथा स्टिल प्लेट आयात गर्दा लाग्ने भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धिकर वापतको रकम विद्युत् विकास विभागको सिफारिशमा बैंक जमानत सुविधा दिन सकिने प्रबन्ध गरिएको छ। यसबाट जलविद्युत् आयोजना निर्माणमा सहज हुने विश्वास लिइएको छ।

क्षमता वृद्धि तथा डिजाइन परिवर्तन स्वीकृत भएपछि विद्युत् विकास विभागको सिफारिशसहित आयोजना, ठेकेदार वा प्रवर्द्धकले बैंक जमानत फुकवाका लागि आयात भएको भन्सार कार्यालयमा निवेदन दिनुपर्नेछ। त्यस्तो निवेदन प्राप्त भएमा भन्सार कार्यालयले आवश्यक जाँचबुझ गरी पैठारीका बखत राखेको बैंक जमानतबाट एक प्रतिशत मशसुल असुल गरी बाँकी कर महसुल छुट दिई बैंक जमानत फुकुवा गर्नुपर्ने व्यवस्था गरिएको छ।

त्यसैगरी चालु आवमा सरकारले स्थापना गरेको राष्ट्रिय पुनः निर्माण कोषमा योगदान गरेको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा घटाउन सकिने व्यवस्था आर्थिक विधेयकमा गरिएको छ। जेन्जी आन्दोलनका क्रममा प्रभावित उद्योग, व्यापार वा व्यावसायिक प्रतिष्ठानमा भएको आगजनी वा तोडफोडबाट भवन, फर्नीचर, यन्त्र तथा उपकरणमा भएको क्षतिमध्ये बीमा सर्भेयरको प्रतिवेदनबाट यकिन भएको वस्तुको विवरणका आधारमा सो को पुनः स्थापनाका लागि त्यस्ता सामग्री आयात गर्दा लाग्ने भन्सार महशुल तथा अन्तःशुल्कमा ५० प्रतिशत बराबरको छुट दिइएको छ। जेन्जी आन्दोलनका क्रममा क्षति भएका क्यासिनो व्यवसाय सञ्चालन नभएको अवधिको रोयल्टी तथा नवीकरण शुल्कमा पनि छुट दिइएको छ।

**आयकर ऐनमा संशोधित कर निर्धारण गर्ने समय घटाइयो**

आयकर ऐनको व्यवस्थाअनुसार कर निर्धारण भएको व्यक्तिको कर दायित्व संशोधन गर्न सकिने साविकको समयसीमालाई आर्थिक विधेयक २०८३ मार्फत एक वर्ष घटाइएको छ। यसअघि आयकर ऐनको दफा ९९ बमोजिमको कर निर्धारणका लागि आय विवरण पेश गर्नुपर्ने मिति तथा दफा १०० बमोजिमको संशय कर निर्धारणको सूचना दिएको मितिका आधारमा चार वर्षभित्र संशोधित कर निर्धारण गरिसक्नुपर्ने व्यवस्था गरिएको थियो। त्यसलाई घटाएर अब तीन वर्षभित्रै संशोधित कर निर्धारण गरिसक्नुपर्ने व्यवस्था ल्याइएको हो।

त्यस्तै, कुनै व्यक्तिले आफुले दाखिला गर्नुपर्ने कर दायित्वभन्दा बढी हुनेगरी कर बुझाएमा त्यस्तो कर बुझाएको दुई वर्षभित्र रकम फिर्ता पाउनका लागि आवेदन दिइसक्नुपर्ने व्यवस्थालाई संशोधन गरेर पाँच वर्षभित्र आवेदन दिन सकिने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

# जोगिबाडामा ६ करोड लागतमा पक्की पुलको शिलान्यास



**काली बहादुर परियार**
**जुम्ला, १६ जेठ ।**

हिमा गाउँपालिका-३ जोगिबाडामा पक्की पुलको शिलान्यास गरिएको छ। भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय अन्तर्गत ६ करोड ३४ लाख रुपैयाँ लागतमा निर्माण हुन लागेको पुलको बुधबार कर्णाली प्रदेश सभा सदस्य टेकराज पछाईको प्रमुख आतिथ्यमा शिलान्यास गरिएको हो।

पूर्वाधार विकास कार्यालय जुम्लाका कार्यालय प्रमुख रुपक रावलका अनुसार पुल निर्माणको काम मल्ल कन्ट्रक्सन दैलेखले लिएको बताए। प्रारम्भिक अनुमानित लागत करिब ८ करोड रुपैयाँ भए पनि ठेक्का प्रक्रिया मार्फत कम लागतमा निर्माण सम्झौता गरिएको उनले जानकारी दिए।

शिलान्यास कर्णाली प्रदेश सभा सदस्य टेकराज पछाइले दुर्गम क्षेत्रका नागरिक लाई सडक र पुल मार्फत राज्य सँग जोड्नु अहिलेको प्रमुख आवश्यकता भएको बताए। उनले भने, विकासको पहिलो आधार पहुँच हो। नागरिक लाई सहज यातायात सँग जोड्न सके मात्रै शिक्षा, स्वास्थ्य र आर्थिक गतिविधिमा सुधार ल्याउन सकिने बताए।

स्थानीयका अनुसार वर्षायाममा हिमानदीमा पानीको बहाव बढ्दा आवतजावत अत्यन्त कठिन हुने गरेको थियो। उही पुरानै झुलुङ्गे पुलबाट आवतजावत गर्न बाध्य रहेका नागरिकका लागि सहज हुन भएको छ।

कर्णाली प्रदेश सरकारको लगानीमा निर्माण हुन लागेको ४० मिटर लामो पुल विशेषगरी हिमा गाउँपालिका-१ र ३ का नागरिकलाई प्रत्यक्ष राहत पुग्ने अपेक्षा गरिएको छ। हिमा गाउँपालिका उपाध्यक्ष सुपर्ना शाहीले पुल निर्माण लाई गाउँपालिकाको महत्वपूर्ण पूर्वाधार योजनाका रूपमा लिइएको बताइन्।

निर्माण कार्यलाई समयमै सम्पन्न गर्न स्थानीय सरकार पूर्ण रूपमा समन्वय र सहकार्यमा रहने उनको भनाइ छ। प्रदेश सरकार, स्थानीय तह र नागरिक बिच सहकार्य भयो भने विकासले गति लिने उनले भनिन्।

## न थपिन्छ...

म्याद थपका लागि निवेदन दिइएको भएपनि हालसम्म प्रक्रिया अघि बढेको छैन। उनले रंगशाला निर्माणको काम ९९ प्रतिशत सम्पन्न भएको बताए। बाँकी एक प्रतिशत काम साढे एक महिनाको समयमा सकिने उनको दावी छ।

'सरकारले म्याद थप र भुक्तानीको प्रक्रिया अघि बढाए असार मसान्तभित्र सबै काम सकेर आयोजना हस्तान्तरण गर्न सकिन्छ,' उनले भने, 'गेटमा पिच गर्ने, रङ लगाउने र केही सुधार लगायतका सानातिना काम बाँकी छन्। यी काम सम्पन्न गर्न धेरै समय लाग्दैन। सरकारले म्याद थप्ने वा नथप्ने विषयमा निर्णय लिन ढिला गर्नु भएन।' उनका अनुसार सरकारका तर्फबाट रंगशालामा निर्मित संरचनाको गुणस्तर नापजाँचको काम पनि बाँकी छ।

## प्रदेश...

सचिव नियूक्त भएसँगै चन्दले तत्काल रंगशालालाई पूर्णता दिन अध्ययन थाल्ने दावी गरेका थिए।

पदभार ग्रहण गर्दै रंगशालाको प्रगति बारे अध्ययन गर्न एक साताभित्र समिति गठन गर्ने घोषणासमेत गरेका चन्दले हालसम्म नतिजा देखिने गरी काम गर्न सकेका छैनन्। चन्दले निर्णायक भुमिका निभाउन नसक्दा प्रदेशले आफ्नै लगानीमा अघि सारेको ठुलो आयोजना अनिर्णयको बन्दी बनिरहेको छ।

यस विषयमा बुझ्न खोज्दा सदस्य सचिव चन्द सम्पर्कमा आउन चाहेनन्। रंगशालाले पूर्णता नपाउदा १० औं राष्ट्रिय खेलकुदको मितिसमेत अन्यौलमा पर्दै आएको छ। रंगशालाले पूर्णता नपाएकै कारण खेलकुदको महाकुम्भ मानिने १०औं राष्ट्रिय खेलकुदको मिति चार पटक सरिसकेको छ।

# सशस्त्र प्रहरीद्वारा बाढीमा फसेका बीस जनाको उद्धार

**युग संवाददाता**
**महेन्द्रनगर, १६ जेठ ।**

सशस्त्र प्रहरी बल नेपालको टोलीले कञ्चनपुरको पुनर्वासमा पर्ने दोदा नदी र बाहुन खोलामा आएको बाढीमा फसेका २० जनाको सकुशल उद्धार गरेको छ। यहाँको पुनर्वास नगरपालिका-९ सिताबस्तीस्थित दोदा नदीमा एक्कासि पानीको बहाव बढेपछि नदी तरेर नजिकैको जङ्गलमा निउरो टिप्न गएका स्थानीय पाँच जना महिलालाई सशस्त्र प्रहरी बल नेपाल बिओपी बिचफाँटाको टोलीले उद्धार गरेको हो। सशस्त्र प्रहरी नायब निरीक्षक शान्तबहादुर सुनारको नेतृत्वमा विपद् व्यवस्थापन तालिम प्राप्त टोलीले उद्धार गरेको सशस्त्र प्रहरी बल नं ७ वैद्यनाथ बाहिनी अत्तरियाले जनाएको छ। पुनर्वास नगरपालिका-९ हरियालीटोलमा पर्ने बाहुन खोलामा पानीको सतह बढेपछि दाउराघाँस गर्न गएका १५ जना महिलालाई सकुशल उद्धार गरिएको सशस्त्र प्रहरी बल नं ७ वैद्यनाथका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दिग्विजय सुवेदीले जानकारी दिए।

**यौन हिंसाबाट बचौं र बचाऔं:**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादकः** दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादकः** ओम बहादुर शाही, **प्रधान कार्यालयः** वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेटः** कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालयः** सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोनः** ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रणः** रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।